**प्रदेश विपद् व्यवस्थापन केन्द्रको मिति २०७७।७।१९ को बैठकको निर्णयः**

१. कोरोना रोगको संक्रमण दिन प्रतिदिन समुदायमा फैलिसकेकोले यसको नियन्त्रण र उपचारको लागि अब कठीन अवस्था सिर्जना हुने भएकोले बदलिदो मौसम, नजिकिएको तिहार तथा छठ पर्व र प्रदेश सदरमुकाम तथा जिल्लाहरुमा भएका अस्पतालहरुको क्षमता समेतको अवस्थालाई दृष्टिगत गरी कोभिड सम्बन्धी सुरक्षा सतर्कता अपनाउन आम जनसमुदायमा व्यापक प्रचारप्रसार र नियन्त्रणको लागि सरोकारवाला निकायहरु तदारुकताकासाथ खटिने खटाउने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने ।

२. प्रत्येक जिल्लामा कम्तिमा ५ देखि ७ वटा आइसोलेसन वेड र १/१ वटा भेन्टिलेटरसहितको आइसोलेसन तयारी अवस्थामा राख्ने सम्बन्धमा यस अघि निर्णय भैसकेको छ । हाल सो अनुसारको प्रगति अवस्था साथै, जनसंख्या र संक्रमित बिरामीको चाप अनुसार साना र ठूला जिल्लामा २५ देखि ५० वेड सम्मको आइसोलेसन तयार गर्ने सम्बन्धमा अध्ययन गरी सोको सञ्चालनको मापदण्ड समेत तयार गरी सामाजिक विकास मन्त्रालयले आगामी बैठकमा पेश गर्ने ।

३. कोरोना रोगबाट संक्रमित बिरामीहरुको उपचारको लागि प्रदेश स्थित सबै अस्पतालहरुमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको सुविधा, अक्सिजन प्लान्ट, अक्सिजन रिफिलको व्यवस्था लगायतको सुविधा छ छैन ?अस्पतालको स्तरोन्नति गर्नको लागि बजेटको समेतको अवस्था बुझि प्रदेश स्थित सबै अस्पतालको फोटो समेतको प्रतिवेदन सामाजिक विकास मन्त्रालयले आगामी बैठकमा पेश गर्ने ।

४. समुदायमा फैलिसकेको कोभिड-१९ संक्रमणको बढ्दो अवस्थालाई दृष्टिगत गरी आवश्यक दक्ष जनशक्ति खटाउने /परिचालन गर्ने व्यवस्था सामाजिक विकास मन्त्रालयले तत्काल मिलाउने ।

५. कोभिड संक्रमणको लक्षण र सो रोगबाट बच्ने उपाय सहितको सचेतनामूलक जानकारी आमजनसमुदायमा पुग्नेगरी व्यापक प्रचारप्रसार गर्ने, समुदायमा स्वास्थ्य सुरक्षाको नियम पालना गरे नगरेको अनुगमन गर्ने, र आसन्न कक्षा १२ को परीक्षा समेतलाई मध्यनजर गरी परिक्षा केन्द्र लगायत सञ्चालनमा आएका विद्यालयमा स्वास्थ्य सतर्कता अपनाउन अनिवार्यरुपमा मास्कको प्रयोग र दूरी कायम गरी क्रियाकलाप गर्न लगाउन स्वास्थ्यकर्मीको टोली खटाउने ।साथै, सो कार्य र स्वास्थ्यकर्मीको टोलीको समेत कडाईका साथ अनुगमन कार्य गर्ने गराउने व्यवस्था श्री सामाजिक विकास मन्त्रालयले मिलाउने ।

६. कोभिडको संक्रमणबाट हुने मृत्यूदर प्रभावकारी रुपमा घटाउने गरी कोरोना रोगबाट संक्रमित कस्ता विरामीलाई अस्पतालमा ल्याउने, के कस्तो साधनबाट ल्याउने र कुन कुन अस्पतालमा लैजाने भन्ने सम्बन्धमा प्रदेश अस्पतालले योजना तयार गरी श्री सामाजिक विकास मन्त्रालय मार्फत आगामी बैठकमा पेश गर्ने ।

७. विशेष अस्पतालको रुपमा रहेका सुर्खेत स्थित प्रदेश अस्पताल, जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र रुकुमपश्चिम स्थित चौरजहारी अस्पतालको अवस्था अध्ययन गरी आवश्यक कार्य गर्ने गराउने

। साथै, चिकित्सक लगायत स्वास्थ्यकर्मीलाई कुनै पनि समस्या समाधान गर्न सक्ने गरी तयारी अवस्थामा रहिरहन निर्देशन दिने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने ।

८. कोभिड-१९ को उपचारको क्रममा विभिन्न राष्ट्रहरुबाट तयार भएको भ्याक्सिन प्रयोग गर्ने सम्बन्धमा संघीय सरकारबाट स्वीकृत भएको भ्याक्सिन मात्र प्रयोग गर्ने । संघीय सरकारको नीति अनुसार कर्णाली प्रदेशको लागि के कति भ्याक्सिन आवश्यक पर्ने हो ? सोको आँकलन गरी कर्णाली प्रदेशका आम जनतालाई निःशुल्क भ्याक्सिन उपलव्ध गराउने सम्बन्धमा सामाजिक विकास मन्त्रालयले पूर्व तयारी गरी राख्ने ।

९. यस कर्णाली प्रदेशमा रहेका सबै क्वारेन्टिन हटाउने र सोको सबै सामानहरु नेपाली सेनाले जिम्मा लिई भण्डारण गरी आगामी समयमा आवश्यक परेका वखत उपयोगमा ल्याउने ।

१०. नजिकिदै आएको तिहार पर्वमा सुरक्षा सतर्कता अपनाएर घर भित्र बसी टीका लगाउन दिने । तर, सो पर्वमा खेलिने देउसी भैलो खेल्न नदिन पूर्णरुपमा कडाइका साथ निषेध गर्ने र कुनै जात्रा मेला लगाउन नदिने ।

११. खाद्यान्न अभाव भएको जिल्लाहरु हुम्ला, मुगु, डोल्पा र कालिकोटमा खाद्य अभावको अवस्था र संकट हुनुको वास्तविक कारण बुझ्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश प्रहरी कार्यालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कर्णाली प्रदेश कार्यालयका प्रतिनिधि, सम्बन्धित जिल्लाका प्रहरी प्रमुख तथा सहायक प्रमुख जिल्ला अधिकारी समेत ७ सदस्य रहेको एक समितिले १५ दिन भित्र अनुगमन गरी प्रतिवेदन गर्ने ।

१२. विपद्को बेला हिमाली जिल्लाहरुमा खाद्यान्न ढुवानी गराए वापत उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालयले ढुवानी भाडा भुक्तानी गर्न बाँकी भएको रकम रु २५ लाख सम्बन्धित कोषबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयले उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई उपलब्ध गराउने।

१३. कोभिड संक्रमण अवस्था र समुदायमा यसको प्रभाव तिहारसम्म के कस्तो रहन्छ सो आँकलन गरी यसको नियन्त्रण र उपचारको योजना श्री सामाजिक विकास मन्त्रालयले तयार गरी आगामी बैठकमा पेश गर्ने ।

नि. प्रमुख सचिव

मा. महेन्द्र बहादुर शाही
मुख्यमन्त्री